# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

# Womi Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)

दर्ता नं.: ९२९६/०७४/०७८
पान नं.: ६००१०९९९२

केन्द्रीय कार्यालयः बनेपा-१४, काभ्रेपलाञ्चोक
फोनः ०११-६६३७१९, ६६२२७५
फ्याक्सः +९७७-११-६६२२७५


च.नं.-९०/के-८/०७७/७८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
काठमाण्डौं ।

मिति : २०७७०९।०६

**विषय : साधारण सभा प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द गर्ने बारे ।**

महाशय ,

यस वित्तीय संस्थाको नवौं वार्षिक साधारणसभा मिति २०७७ पौष २८ गते मंगलबार हुने भएकोले साधारण सभा प्रयोजनको लागि मिति २०७७०९।१५ गते देखि २०७७०९।२८ सम्म शेयर दाखिल खारेज बन्द रहने व्यहोरा मिति २०७७०९।०६ गते सोमवार दिउँसो २ बजे बसेको सञ्चालक समितिको बैठक नं.: ८/०७७/७८ को निर्णयानुसार जानकारीका लागि अनुरोध गरिन्छ । साधारण सभा बस्ने बारेको सूचना तथा छलफलका विषयहरु सहितको सूचना मिति २०७७०९।०७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिने व्यहोराको जानकारी सहित प्रकाशित गरिने सूचना यसै साथ संलग्न गरी तहाँ पेश गरिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

सलग्न
प्रकाशित गरिने सूचना - १ प्रति

भवदीय

(प्रमेश आचार्य)
प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव

बोधार्थ
१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर
२. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, काठमाण्डौं
३. श्री कुमारी क्यापिटल लिमिटेड, काठमाण्डौं ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौं ।

# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
## Womi Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

**"वोमी लघुवित्त वित्तीय सस्था लिमिटेडले नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको"**

**केन्द्रीय कार्यालय**: बनेपा-१४, काभ्रेपलान्चोक, फोन नं.: ०११-६६३७१९, ६६२२७५

ईमेल : info@womimfi.com.np वेवसाईट: www.womimfi.com.np


# नवौं वार्षिक साधारण सभाको सूचना

(सूचना प्रकाशित मिति : २०७७/०९/०७ गते)

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७७ पौष ६ गते बसेको बैठक नं. ८/०७७/७८ को निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारण सभा (आ.व.०७६/७७) निम्न मिति, समय र स्थानमा देहायमा उल्लिखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७७ पौष २८ गते मंगलवार, (तदनुसार १२ जनवरी, २०२१)

**समय** : विहान ११:०० बजे

**स्थान** : बनेपा नगरपालिका-१३, साँगा, काभ्रेपलाञ्चोक स्थित लहरी खर्क पार्टी प्यालेसको सभाहल ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१.सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२.लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, २०७६ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३.कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७७/७८ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री पि.जे. थापा एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स, काठमाण्डौं पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ)

**ख) विशेष प्रस्तावहरु :**

१.सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७७ अषाढ मसान्तमा कायम चुक्ता पूँजी रु.२७,७८,४८,०००/- को ३० प्रतिशतले हुने रकम रु.८,३३,५४,४००/- (अक्षरुपी आठ करोड तेत्तीस लाख चवन्न हजार चार सय) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२.वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३.वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने तथा गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) समेतको आधारमा मर्जर समितिबाट निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारित गरी मर्जरलाई स्वीकृती प्रदान गर्ने र सो सम्बन्धमा देहाय बमोजिमको प्रस्तावलाई स्वीकृती प्रदान गर्ने ।

(क)वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) गर्न नियुक्त लेखापरीक्षक (DDA मुल्यांकनकर्ता) को नियुक्ती तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(ख)वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्णय गर्ने सञ्चालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्थाबाट चयन हुने सञ्चालकलाई पदस्थापन गर्ने एवं अनुमोदन गर्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

(ग)सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सम्बन्धमा ।

(घ)वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात हुने संस्थाको ठेगाना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफा तथा नियम संशोधन/परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४.सञ्चालकको बैठक भत्ता पुनरावोलकन गर्ने सम्बन्धमा ।

५.बोनस शेयर वितरण तथा ग्रामीण स्वयंसेवक लघुवित्त वित्तिय संस्था लिमिटेड गाभिए पश्चात बृद्धि हुने जारी पूँजी र चुक्ता पूँजी आवश्यकतानुसारको समयमा संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनहरुमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा वा गर्न निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

६.भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७.उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध प्रस्तावः**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१.सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको विहान १० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण सभामा उपस्थित हुँदा आवश्यक सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाइरस संक्रमणबाट बच्न बचाउनको लागि आवश्यक पर्ने मास्क, पंजा, सेनिटाइजर लगायतका न्यूनतम सुरक्षा उपकरण प्रयोग गर्न सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ । नेपाल सरकारले तोकेको सिमा भन्दा बढी व्यक्ति भेला हुन नपाईने हुनाले अनलाइन (भर्चुअल) माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाइएको र यस उपस्थितिलाई सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरिनेछ ।

२.बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७ पौष १५ गते देखि २०७७ पौष २८ गते सम्म वित्तीय संस्थाको शेयरधनी दर्ता किताव शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । (हाल यस वित्तीय संस्थाले ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने (मर्जर) कार्यको प्रक्रियामा रहेको हुँदा शेयर कारोबार रोक्का रहिरहेको)

३.शेयरधनी महानुभावहरुलाई दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरुको ठेगानामा बार्षिक साधारण सभाको सूचना सहितको बार्षिक प्रतिवेदन पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समयभित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेबाट वा जुनसुकै समयमा यस वित्तीय संस्थाको वेबसाइट www.womimfi.com.np बाट समेत प्राप्त गर्न सकिनेछ । सभामा भाग लिन खोलिएको (डिम्याट) शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

४.साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय साँगा, काभ्रेमा सभा सुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ ।

५.प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्ट्रर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६.प्रतिनिधी मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि-शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधी कायम हुनेछ ।

७.नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

८.शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९.छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्ट्रर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०.उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सुचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन । कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त बार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्ट्रर्ड कार्यालयबाट उपलब्ध हुनेछ ।

११.भर्चुअल माध्यम मार्फत उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले इमेल गरी वा ०११-६६२२७५ मा सम्पर्क गरी सभा हुन भन्दा ४८ घण्टा अगावैं आफ्नो नाम इमेल ठेगानामा टिपाउनु पर्नेछ । भर्चुअल मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई आवश्यक Link उपलब्ध गराई सहभागी हुने व्यवस्था मिलाइनेछ । सभा शुरु हुनुभन्दा १ घण्टा अगाडिबाट भर्चुअल माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनीहरुले आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ ।

१२.सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थल आउँदा झोला, ज्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । आवश्यकता अनुसार सभा कक्षमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

१३.साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेको फोन नं. ०११-६६३७१९ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।